इच्छाकामना गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ | संख्याः ३ | मितिः २०८०।०२।०५

भाग-२

इच्छाकामना गाउँपालिका


## फिस्लीङ तरकारि संकलन  केन्द्र सञ्चालन सम्वन्धी कार्यविधि, २०८०

# इच्छाकामना गाउँपालिका

कुरिनटार चितवन

# फिस्लीङ तरकारि संकलन केन्द्र सञ्चालन सम्वन्धी कार्यविधि, २०८०

**<u>प्रस्तावना</u>**

नेपालको समग्र अर्थतन्त्र र अधिकांस जनताको जिविकोपार्जन, आयआर्जन एवं रोजगारीको मुख्य आधारको रुपमा रहेको कृषि क्षेत्रले बढ्दो जनसंख्याको लागि आवश्यक कृषि उपजहरुको उत्पादन वृद्धि गर्न र आयात प्रतिस्थापन तथा निर्यात वृद्धि गर्न देशका तीनै तहका सरकार, मातहतका निकायहरु, कृषक, व्यवसायी एवं विभिन्न सहयोगी निकायहरुको क्रियासिलताले गुणस्तरिय उत्पादनमा वृद्धि हुँदै आएको छ। यस इच्छाकामना गाउँपालिकाले छरिएर रहेका अधिकांस साना कृषकहरुको उत्पादनलाई एकिकृत गरी उनीहरुलाई सहजै बजार पहुँच पुर्याउन र यसमा संलग्न कृषक, व्यापारी, उपभोक्ता सबैलाई प्रतिस्पर्धात्मक रुपमा लाभान्वित गर्न, व्यवस्थित तथा प्रतिस्पर्धात्मक बजार प्रणालीको विकास तथा व्यवस्थापन गर्न आवश्यक भएकोले यो "फिस्लीङ तरकारी संकलन केन्द्र सञ्चालन कार्यविधि, २०८०" तयार गरी लागु गरिएको छ ।

परिच्छेद - १

प्रारम्भिक

**१.<u>संक्षिप्त नाम र प्रारम्भ</u>:**

१.१ यो कार्यविधिको नाम" फिस्लीङ तरकारि संकलन केन्द्र सञ्चालन सम्वन्धी कार्यविधि, २०८० "रहेको छ ।

१.२ यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२.<u>परिभाषा</u>:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

२.१."संकलन केन्द्र" भन्नाले उत्पादन क्षेत्रवाट कृषि उपज खरीद गरी वा संकलन मात्र गरी उपभोक्तालाई सोझै वा अन्य व्यापारी वा व्यवसायीक प्रतिष्ठानहरुलाई बेचबिखन गर्ने उद्देश्यले संचालित स्थल संझनुपर्छ।

२.२."कार्यविधि" भन्नाले"कृषि उपज संकलन केन्द्र सञ्चालन कार्यविधि, २०८०"सम्झनुपर्छ।

२.३."संचालक समिति" भन्नाले गाउँपालिकाबाट स्थापना भएका संकलन केन्द्रहरु संचालनको लागि गठन भएको समितिलाई सम्झनु पर्दछ ।

२.४."कृषि उपज" भन्नाले कृषि तथा पशुपालन क्षेत्रबाट उत्पादित फलफूल, तरकारी, खाद्यान्न तेलहन, दलहन, मसलाबाली, पुष्प, च्याउ, मह, माछा मासु, अण्डा जस्ता ताजा तथा नाशवान वस्तु जिवित पशुपंक्षीहरु र पशुपंक्षीजन्य उत्पादन लगाएत समितिले तोकेको अन्य खाद्य वस्तुहरुर कृषि तथा पशुपंक्षी उत्पादन सामाग्री समेत सम्झनु पर्दछ ।

२.५. "कृषक" भन्नाले यस बजारमा सहभागी हुने कृषकहरु सम्झनु पर्छ भने "कृषक समूह" भन्नाले ती कृषकहरूको समूह र “सहकारी” भन्नाले ती कृषकहरुको सहकारी सम्झनुपर्छ।

२.६ “कृषि शाखा" भन्नाले इच्छाकामना गाउँपालिका अन्तर्गतको कृषि विकास शाखा वा इकाइ सम्झनु पर्दछ।

२.७"अध्यक्ष" भन्नाले संचालक समितिको अध्यक्षलाई जनाउछ ।

२.८ "सदस्य" भन्नाले संचालक समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले अनुगमन र भाडा निर्धारण समितिका सदस्यलाई समेत जनाउछ ।

२.९ "सेवा शुल्क" भन्नाले बजारमा उपलब्ध गराईएको सेवा वा सुविधा वापत समितिलाई प्राप्त हुने इजाजत शुल्क, प्रवेश शुल्क, स्थान तथा निर्मित संरचना उपलब्ध गराए वापतको भाडा वा अन्यसेवा शुल्क सम्झनु पर्दछ ।

२.१०"बजार व्यवस्थापक" भन्नाने यस निर्देशिका बमोजिम तोकिएको संचालक समितिको सदस्य सचिव सम्झनु पर्दछ ।

२.११ "सम्झैता" भन्नाले कृषि उपज संकलन तथा बजार सञ्चालनका लागि सहकारी वा समिति र अन्य निकायहरु बीच गरिने सम्झैता सम्झनु पर्छ ।

२.१२ "थोक" भन्नाले पुनः बिक्री बितरण हुने गरी पाँच किलो वा सो भन्दा बढी परिमाणलाई सम्झनुपर्दछ ।

२.१३ "खुद्रा" भन्नाले उपभोक्ताहरुको लागि फुटकर रूपमा खरीद बिक्री गर्ने परिमाणलाई सम्झनुपर्दछ ।

२.१४ "संयोजक" भन्नाले अनुगमन, निरीक्षण र भाडा दर निर्धारण समितिको संयोजक सम्झनुपर्दछ।

## परिच्छेद -२

## समितिको गठन, काम कर्तव्य र अधिकार

३. **<u>फिस्लीङ तरकारि संकलन केन्द्र संचालक समितिको गठन एवं पदावधी</u>** :

३.१ फिस्लीङ तरकारि संकलन केन्द्रको संचालन एवं व्यवस्थापन गर्न गाउँपालिकाको अध्यक्ष संरक्षक रहने गरी देहाय बमोजिम संचालक समिति गठन हुनेछ।

| | |
|---|---|
| सम्बन्धित वडाको वडाअध्यक्ष | —अध्यक्ष |
| गाउँपालिका अध्यक्षले तोकेको कृषि सहकारी वा समूहका प्रतिनिधि (दुई जना) | —सदस्य |
| गाउँपालिका अध्यक्षले तोकेको अगुवा कृषक (तिन जना) | —सदस्य |
| कृषि शाखा प्रमुख | —सदस्य सचिव |

४. **<u>संचालक समितिको काम, कर्तव्य र अधिकार :</u>**समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

४.१ संकलन केन्द्रको विकास, विस्तार र गुणस्तरीय सेवा प्रवाह गर्ने सम्बन्धमा कार्ययोजना बनाई लागू गर्ने ।

४.२ संकलन केन्द्रको संचालनको लागि आवश्यक पर्ने कर्मचारीको व्यवस्था, सेवा शर्त र सुविधा यकिन गरी सम्बन्धित पालिकाबाट स्वीकृतीका लागि पेश गर्ने ।

४.३ पालिका, वडा कार्यलय, कृषि शाखा, कृषि ज्ञान केन्द्र, पशु सेवा विज्ञ केन्द्र, लगाएत संघ तथा प्रदेश तहका सम्बन्धित मन्त्रालय, सहयोगी संस्था, दातृ निकायहरु सँगको सहयोग, समन्वय एवं सहकार्यमा बजार संचालन एवं स्तरोन्नतिका योजनाहरु तर्जुमा गरि संचालन गर्ने ।

४.४ कृषि बजारको सम्बन्धमा आवश्यक सूचनाहरु सर्वसाधारणको लागि सम्प्रेषण गर्ने ।

४.५ विभिन्न कृषि बजारहरुबाट कृषि उपजको बजार मूल्य जानकारी लिदै सम्बन्धित बजारमा उक्त दिनको बजारभाउ निर्धारण गर्ने।

४.६ बजारको विकास, विस्तार र बजारबाट प्राप्त हुन सक्ने सेवाका सम्बन्धमा प्रचार प्रसार गर्ने।

४.७ कृषक, समूह, सहकारी, व्यापारी, उपभोक्ता लगाएत अन्य सम्बन्धित निकायलाई विभिन्न बजार सेवा, सुविधा उपलब्ध गराउने ।

४.८ कृषि बजारको भौतिक सुविधाको संरक्षण, मर्मत संभार तथा संवर्द्धन गर्ने ।

४.९ बजार संचालन सम्बन्धी कुनै समस्या उत्पन्न भएमा सो समाधान गर्ने ।

४.१० बजार स्थलभित्रको फोहोर व्यवस्थापन गरी स्वस्थ वातावरण कायम गर्ने ।

४.११ समितिले वार्षिक कार्ययोजना तयार गरि सहकारी मार्फत स्वीकृत गराई सोही बजेटको परिधि भित्र रहेर खर्च गर्ने ।

४.१२ बजारको दिर्घकालीन विकास र विस्तार सम्बन्धी योजना तयार गरि कार्यान्वयन गर्ने ।

४.१३ गुणस्तरहीन अखाद्य वा मिसावटयुक्त तथा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने उपज/वस्तु खरिद-बिक्रि गर्न नपाइने व्यवस्था मिलाउने ।

४.१४ कृषि उपज उत्पादनका क्रममा प्रयोग हुने वा भएका विषादी वा अन्य रसायनहरुको अवशेष बजारमा ल्याईएका उपजहरुमा छ छैन भनि परिक्षण गर्न बेलावखतमा आवश्यकता अनुसार सम्बन्धित नियकायहरुमा समन्वय गर्ने र सो को नतिजाअनुसार आवश्यक कार्य गर्ने ।

४.१५ बजारमा कुनै पनि प्रकारका प्रकोपजन्य रोग तथा किरा लागेका र तिनको जिवित अवशेषले अन्य क्षेत्रमा थप प्रकोप हुनसक्ने कृषि उपजहरुलाई विक्री वितरण गर्न नपाइने व्यवस्था मिलाउने र बजारमा आइसकेका त्यस्ता वस्तुहरुको सुरक्षित विसर्जन गर्ने ।

४.१६ पशुपंक्षी जन्य उपजहरुको हकमा रोगी पशुपंक्षी एवं तिनका उत्पादनहरु विक्रि वितरण गर्न नपाइने व्यवस्था मिलाउन र बजारमा आइसकेका त्यस्ता वस्तुहरुको सुरक्षित विषर्जन गर्ने।

४.१७ यदि पशुपंक्षी बध गरी मासु बेच्ने भएमा उचित चिस्यान कायम गरी भण्डारण तथा ढुवानी गरेको मासु मात्र बिक्री वितरण गर्नु पर्ने ।

४.१८ प्रमाणिक नापतौल प्रणाली (Standard Weight and Measuring System) तथा आधिकारीक निकायबाट प्रमाणित/स्वीकृत नाप तौल विपरित कार्य गरेको पाइएमा सामग्री/ उपकरण जफत गरी कारवाही गर्ने ।

४.१९ यदिजनस्वास्थ्यका हिसावले संक्रमणकालिन स्वास्थ्य समस्या भएका वा देखिएका क्रेता वा विक्रेता बजारमा सहभागि हुन आएको जानकारी पाउने वित्तिकै नजिकको स्वास्थ्य संस्था वा सेवा प्रदायक सँग समन्वय गरी थप सहस्या हुन नदिन पहल गर्ने ।

४.२० सर्वसाधारणको सुविधा, सर-सफाई तथा ट्राफिक व्यवस्थापन समेतको कार्यलाई दृष्टिगत गरी कृषि उपजहरुको खरिद बिक्री कार्यको लागि निश्चित समय र प्रकृया तोक्न सक्नेछ ।

४.२१ बजारमा कारोवार गर्न चाहने कृषक,कृषक समूह, कृषि सहकारी, व्यापारि वा व्यवसायीले देहायका आचरण पालन गरे नगरेको अनुगमन गरी सोको सुनिश्चितता गर्नुपर्नेछ ।

क) संचालक समितिको कार्ययलमा समन्वय गरी स्पष्ट परिचय सहित दर्ता गर्नु पर्ने छ ।

ख) समितिलाई आफूले प्रयोग गरेको सुविधा बापत बुझाउनु पर्ने शुल्क समितिले तोकेबमोजिम नगद वा बैंक दाखिला गर्नु पर्ने छ ।

ग) समितिले वर्जित गरेका बस्तुहरु कारोवार गर्न पाइने छैन ।

घ) बजार स्थलमा सुर्तिजन्य पदार्थ, मादक पदार्थ आदि सेवन गर्न पाइने छैन ।

ङ) बजारमा कारोवार गर्ने कृषक, समुह, सहकारी, व्यापारीहरुले समितिले व्यवस्था गरेको परिचय पत्र धारण गर्नु पर्ने हुन्छ ।

च) समितिले माग गरेको जानकारी सहि तरिकाले उपलब्ध गराउनु पर्ने छ ।

छ) बजार कारोवकारको विवरण प्रत्येक दिन सम्वन्धित व्यवसायिले समितिको कार्यलयमा वा प्रतिनिधीलाई उपलब्ध गराउनु पर्ने छ ।

ज) समितिले लागू गरेका अन्य निति नियमलाई पालना गर्नु पर्ने छ ।

## ५. <u>कृषि उपजको बजारभाउ निर्धारण, बजारीकरण एवं सूचना प्रकाशन</u>:

५.१ सम्बन्धित संकलन केन्द्रमा आउने कृषि उपजहरुको थोक तथा खुद्रा मूल्य निर्धारण गर्न समितिको व्यवस्थापकको सक्रियतामा व्यापारी र कृषकहरुसँगको समन्वयमा कृषि उपजहरुको थोक तथा खुद्रा मूल्य निर्धारण गरिने छ । यसरी मूल्य निर्धारण गर्दा आसपासका बजारहरुका चल्तिका दरभाउहरुलाई पनि आधार मानिने छ ।

५.२ उपदफा ५.१ अनुसार निर्धारण हुने मूल्यमा कृषि उपजको गुणस्तर अनुसार थपघट हुन सक्नेछ जसलाई स्वयं व्यापारी र कृषक वा उपभोक्ताले निर्धारण गर्न सक्नेछन् । तर पनि सोको नियमन एवं आवश्यकता अनुसारको समन्वय गर्ने छ ।

५.३ विभिन्न ठुला बजार वा खरिदकर्ता व्यापारीहरुसँग सम्वन्वय गरि सम्वन्धित संकलन केन्द्रमा आएको कृषि उपजहरुको बजारीकरणका लागि आवश्यकता अनुसार ति व्यापारीहरुसँग लिखित सम्झौता गरिने छ ।

५.४ बजारमा नियमित रुपमा कृषि उपजहरु विक्रि ल्याउने कृषक, समुह एवं सहकारीहरु एवं खरिद गर्ने व्यापारीहरुको कारोवारको तथ्यांक अध्यावधिक गर्ने । उक्त तथ्यांकको आधारमा उत्कृष्ट कृषक एवं व्यापारीहरुलाई प्रोत्साहन एवं पुरस्कृत गरिने छ ।

५.५ यसरी तय गरिएको बजार भाउ सर्वसाधारणको पहुँचमा हुने गरी प्रकाशन गरिने छ ।

६. <u>समितिको बैठक एवं सहभागिता</u>:

६.१ उपदफा ३.१ मा गठित समितिको नियमित बैठक मासिक रुपमा तोकेको मिति र समयमा समितिको कार्यलयमा नियमित रुपमा वस्ने छ । यसका अलावा आवश्यकता अनुसार कुनै पनि बेला बस्न सक्ने छ ।

६.२ समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरु मध्ये जेष्ठ सदस्यले गर्नेछ ।

६.३ समिति र पालिकाको संयुक्त बैठकको हकमा पालिकाको अध्यक्षले अध्यक्षता गर्ने छ ।

६.४ समितिको कुल सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ । कुनै पनि निर्णयहरु गर्दा गणपुरक सदस्यहरुकोसदस्यहरुको उपस्थिती आवश्यक पर्दछ ।

६.५ समितिको बैठक एवं निर्णय प्रक्रियाको हकमा बहुमतको निर्णय मान्य हुनेछ । यस प्रक्रियामा आमन्त्रित सदस्यहरुको मताधिकार हुने छैन ।

६.६ बैठकको निर्णय अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गर्नुपर्नेछ ।

६.७ समितिले आवश्यक देखेमा सरकारी कर्मचारी, कुनै स्वदेशी वा विदेशी संस्थाको प्रतिनिधि, विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

६.८ समितिले आफ्नो कार्य संचालनमा सघाउ पुर्‍याउन समितिकाकुनै सदस्यको संयोजकत्वमा उप-समिति गठन गर्न सक्ने छ र त्यस्तो उप-समितिको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

७. <u>समितिको कार्यालय</u>: समितिको कार्यालय सम्बन्धित कृषि उपज संकलन तथा बजार केन्द्र परिसरमा रहनेछ।

परिच्छेद-३

अनुगमन र भाडा दर निर्धारण सम्वन्धी व्यवस्था

८.**<u>अनुगमन समितिः</u>**

८.१ अनुगमन समिति देहाय बमोजिम हुनेछ ।

क. गाउँपालिका अध्यक्ष –संयोजक

ख. आर्थिक विकास समिति संयोजक –सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत –सदस्य

घ. सम्बन्धित वडाको वडा अध्यक्ष –सदस्य

ङ. कृषि शाखा प्रमुख –सदस्य सचिव

९. **<u>भाडा दर निर्धारण समिति</u>** :

९.१ भाडादर निर्धारण समिति देहाय बमोजिम हुनेछ ।

क. आर्थिक प्रशासन शाखा प्रमुख –संयोजक

ख. योजना शाखा प्रमुख –सदस्य

ग. कृषि शाखा प्रमुख –सदस्य सचिव

९.२ भाडादर प्रति वर्ग फुटको आधारमा निर्धारण गरिनेछ ।

९.३ संचालन सम्झौता भएको सहकारी वा समूहले संङ्कलन केन्द्रको भाडाको भुक्तानी मासिक रूपमा महिनाको पहिलो हप्तामा गर्नु पर्नेछ ।सो भुक्तानी नभएको खण्डमा सहकारीले पहिलो एक महिनामा मासिक भाडा शूल्कको २०% हर्जाना व्यहोर्न पर्नेछ।दोस्रो महिनाको पहिलो हप्ता सम्ममा समेत भाडा भुक्तानी नगरेमा सम्बन्धित सहकारी र गाउँपालिका बिचको सम्झौता भङ्ग हुनेछ।

९.४ बार्षिक भाडादर बृद्धि र मुद्रास्फीति दर को हिसाब गरी अध्यावधिक गरिने छ ।

९.५ सदस्य संख्या वढी भएको कृषि सहकारीलाई स्टल उपलब्ध गराउन प्राथमिकता दिइने छ

१०. **<u>कर्मचारी सम्बन्धी व्यवस्था</u>** :

१०.१ कर्मचारीहरुको परिचालन र आर्थिक लगायतका सेवा सम्बन्धी सुविधाहरुको पूर्ण दायित्व गाउँपालिकाको नै रहने छ ।

१०.२ व्यवस्थापकले यस कार्यविधि अनुरुप वार्षिक, अल्पकालिन तथा दीर्घकालीन योजना तथा कार्यक्रमहरु तर्जुमा गरी समिति मार्फत र आवश्यकता अनुसार गाउँपालिकाको सहमति तथा स्विकृत गराई कार्यान्वयन गराउन मूख्य भुमिका खेल्नु पर्ने छ ।

१०.३ संकलन केन्द्र संचालन सम्बन्धी अन्य आवश्यक कार्यसम्पादन गर्ने गराउने जिम्मेवारी व्यवस्थापकमा हुने छ ।

१०.४ समितिको बैठक, निर्णय, दस्तावेजीकरण आदिमा समितिको व्यावस्थापकको हैसियतले संचालक समितिको सदस्य सचिवले भूमिका निर्वाह गर्नु पर्ने छ ।

## परिच्छेद- ४

## संकलन केन्द्रमा स्थल तथा स्टल प्रयोग सम्बन्धी व्यवस्था

**११. स्थल तथा स्टलको उपयोग :**

११.१ संकलन केन्द्रमा उपलब्ध स्थल वा स्टलको उपयोग, नयाँ संरचना निर्माण र सोको व्यवस्थापन एवं सदुपयोगको जिम्मेवारी संचालक समितिमा निहित रहने छ जसलाई यस समितिको वार्षिक एवं दिर्घकालिन योजना अनुसार प्रयोग गरिने छ ।

११.२ संकलन केन्द्रमा स्थल तथा उपलब्ध स्टलहरु लाई उक्त संकलन केन्द्रको सेवा क्षेत्रका कृषक, समुह, सहकारी, व्यापारी एवं उपभोक्ताहरुले उपयोग गर्न सक्ने छन् ।

## परिच्छेद- ५

## विविध

**१२. निलम्वन वा बर्खास्त गर्ने :**

१२.१ समितिको अध्यक्ष वा सदस्यले देहायको कसूर गरेमा निजहरुलाई कसूरको आधारमा गाउँपालिकाले निजलाई तीन महिनासम्म निलम्वन वा बर्खास्त गर्न सक्ने छ ।

क) आर्थीक अनियमितता गरेमा,

ख) पदिय अधिकार दुरुपयोग गरेमा,

ग) बजारको सुसञ्चालनलाई दखल पुग्ने कार्य गरेमा

घ) पदाधिकारी निस्कृय रही तोकिएको कार्य गर्न नसकेमा,

ङ)समितिलॆ दिएको निर्देशन पालना नगरेमा,

च)गाउँपालिका र समितिको हित विपरित हुने कार्य गरेमा

छ)शान्ति सुरक्षामा खलल पर्ने कार्य गरेमा ।

१२.२ निलम्वन गर्नु पहिले समितिको सदस्यलाई आफ्नो सफाइको मौका दिइने छ ।

१३. **कार्यविधि संशोधन** :गाउँकार्यपालिकाले यो कार्यविधि आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्न सक्नेछ ।

१४. **यस कार्यविधि बमोजिम हुने:**यस कार्यविधिमा लेखिएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

१५.**बाधा अड्काउ सम्बन्धी व्यवस्था:**यस कार्यविधि कार्यान्वयनका क्रममा बाधा अड्काउ फुकाउने र थप व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

आज्ञाले

जगत प्रसाद भुसाल

प्रमुख प्रशासकिय अधिकृत